बूढानीलकण्ठ नगरपालिका

बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : १ सङ्ख्या : १८ मिति :

## भाग -२

## भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास कार्य सञ्चालन कार्यविधि, २०७५

प्रस्तावना :

स्थानीय स्तरका विभिन्न जातजाति र समुदायको भाषा ,संस्कृति र ललितकलाको संरक्षण एवम् स्थानीय स्तरका पुरातात्विक धार्मिक महत्वका सम्पदाहरूको पुरातत्व ,प्राचिन स्मारक र संग्रहालयको संरक्षण र सम्भार प्रबर्धन र बिकास तथा परम्परागत जात्रा पर्वहरूको सञ्चालन र ब्यबस्थापन गरी नागरिकको हकहितको संरक्षण र संवर्धन गरी भाषा ,संस्कृति र ललितकलाको माध्यमबाट नगरपालिकाको ऐतिहासिक महत्व पुरातात्विक बस्तु ,कला वा संस्कृतिको संरक्षण तथा परम्परागत जात्रा पर्वहरूको सञ्चालनले आपसी सदभाबको वृद्धि बिकास हुन गई धार्मिक पर्यटन बिकासमा सहयोग पुऱ्याउदै सक्षम र अनुशासित नागरिक तयार गरी प्रचलित कानुनबिरुद्धका कुरीति र कुसंस्कार बिरुद्धमा समाजलाई परिचालन गर्न भाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकास गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ र संविधानको अनुसूची ८ ले स्थानीय तहलाई दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा १०२

बमोजिम बूढानीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद १

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> भाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकास कार्य सञ्चालन कार्यबिधि ,२०७५ रहेको छ ।

(क) यो कार्यबिधि नगर सभाबाट पारित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा :</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :-

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(ख) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिमका नगरपालिका सभा सम्झनुपर्छ ।

(ग) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "अध्यक्ष " भन्नाले सभाको अध्यक्षलाई सम्झनुपर्छ ।

(च) "उपाध्यक्ष " भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(छ) "बिधेयक" भन्नाले स्थानीय कानूनको मस्यौदा वा कानूनको संशोधन समेत सम्झनुपर्छ ।

(ज) सदस्य भन्नाले नगर कार्यपालिकाको प्रमुख ,उपप्रमुख तथा कार्यपालिकाको सदस्य वडा सदस्य तथा समितिका सदस्यसमेतलाई सम्झनुपर्छ ।

(झ) भाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकास समिति भन्नाले दफा ११ बमोजिमको नगरभाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकास समितित सम्झनुपर्छ ।

(ञ) "समिति" भन्नाले दफा ३ बमोजिम स्थापना भएको बूढानीलकण्ठ नगरपालिका भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास समिति सम्झनुपर्छ ।

(ट) "निर्देशिका " भन्नाले भाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकास कार्य सञ्चालन निर्देशिका ,२०७५ सम्झनुपर्छ ।

(ठ) "भाषा ,संस्कृति र ललितकला " भन्नाले भन्नाले स्थानीय स्तरका जातजाति र समुदायका भाषा ,लिपी ,संस्कृति ,सभ्यता र सम्पदा,ललितकला ,परम्परागत जात्रा ,पर्वहरू,पुरातत्व ,प्राचिन स्मारक र संग्रहालय समेतलाई सम्झनुपर्छ ।

(ड) "नगरपालिका" भन्नाले बूढानीलकण्ठ नगरपालिकालाई जनाउने छ ।

(ढ) "बैठक" भन्नाले नगर सभाको अधिवेशन सम्झनुपर्छ ।सो शब्दले समितिको बैठक समेतलाई जनाउँदछ ।

(ण) "प्रस्ताव" भन्नाले सभाको विचारार्थ पेश गरिएको कुनै प्रस्ताव वा सो को प्रस्तावसँग सम्बन्धित संशोधन प्रस्ताव समेत सम्झनुपर्छ ।

(त) "संयोजक" भन्नाले यस निर्देशिकाबमोजिम गठित समितिको संयोजक सम्झनुपर्छ ।

## परिच्छेद -२

## समितिको स्थापना

३. समितिको स्थापना : (१) बूढानीलकण्ठ नगरपालिकाले भाषा ,संस्कृति र ललितकलाको संरक्षण ,संवर्द्धन र विकास गर्ने उद्देश्यसमेतका लागि भाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकास समिति स्थापना गर्नेछ ।

बूढानीलकण्ठ नगरपालिकाको भाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकास समितिको स्विकृति बिना यससम्बन्धी कुनै कार्य गर्न पाइने छैन ।

४. समिति स्वशासित र सङ्गठित हुने : (१) समिति अविच्छिन्न उत्तराधिकारवाला एक स्वसासित र सङ्गठित संस्था हुनेछ ।

(२) समितिका सबै काम काबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) समितिले ब्यक्ति सरह चल -अचल सम्पति प्राप्त गर्न ,उपभोग गर्न सक्नेछ ।

(४) समितिले ब्यक्ति सरह आफ्ना नामबाट नालिस उजूर गर्न सक्नेछ र समिति उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) समितिले ब्यक्ति सरह करार गर्न , करारबमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

## परिच्छेद -३

समितिको गठन तथा काम ,कर्तव्य र अधिकार

५. समितिको गठन :

(१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास समितिको गठन देहायबमोजिम हुनेछ ।

(क) नगर प्रमुखले तोकेको कुनै एक वडा अध्यक्ष - संयोजक

(ख) वडा सदस्य मध्येबाट २ जना वडा सदस्य - सदस्य

(ग) नगरपालिकामा वडा महिला सदस्य २ जना सदस्य -सदस्य

(घ) नगरपालिकामा वडा आदिबासी /जनजाति ,दलित मध्येबाट २ जना सदस्य -सदस्य

(ङ) भाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी काम गर्ने विभिन्न सङ्घ संस्थाबाट प्रतिनिधित्व हुने गरी १ जना ब्यक्ति - सदस्य

(च) नगरपालिकाको विषयगत शाखाको प्रमुख - सदस्य सचिव

यसै बमोजिम वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास समिति गठन गर्न सकिनेछ । यस बमोजिम गठित वडा समितिको काम ,कर्तब्य र अधिकार तथा कार्यबिधि वडा समिति गठन गर्दाको बखत समितिले तोकेबमोजिम हुन्छ ।

(२) उपदफा (१) को खण्ड (ग) (घ) (ङ) बमोजिमका सदस्यहरूको मनोनयन समाबेशी सिद्धान्तको आधारमा नगरपालिकाले गर्नेछ ।

(३) मनोनित सदस्यहरूको पदावधि चार बर्षको हुनेछ ।

(४) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको भनी नगरपालिकाले निर्णय गरेमा निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम मनोनित सदस्यहरूलाई पदबाट हटाउन अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

६. समितिको काम ,कर्तब्य र अधिकार : यस ऐनमा अन्यत्र उल्लिखित काम ,कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) स्थानीय तहमा भाषा , लिपी ,संस्कृति साँस्कृतिक सभ्यता र सम्पदा संवर्धन र ललितकलाको संरक्षण र विकाससम्बन्धी स्थानीय स्तरको दीर्घकालिन नीति तर्जुमा गरी नगर समितिसमक्ष सिफारिस गर्ने ।

(ख) नेपाल सरकारबाट स्वीकृत नीतिका अधीनमा रही भाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी योजना तथा कार्यक्रम बनाई नगर कार्यपालिकाको निर्देशनबमोजिम लागू गर्ने ,

(ग) समितिसँग आबद्धता प्राप्त गर्ने सङ्घ ,संस्थाहरूले पालना गर्नु पर्ने शर्तहरू निर्धारण गर्ने ।

(घ) स्थानीय स्तरका पुरातात्विक धार्मिक महत्वका सम्पदाहरूको संरक्षण र विकास तथा पुरातत्व ,प्राचिन स्मारक र संग्रहालयको स्थापना ,मर्मत र संम्भार संवर्धन र विकास योजना तथा कार्यक्रम एबं सञ्चालन मापदण्ड बनाई नगर कार्यपालिकाको निर्देशनबमोजिम लागू गर्ने तथा कार्यान्वयन गर्ने ।

(ङ) परम्परागत जात्रा पर्वहरूको सञ्चालन र ब्यबस्थापन गरी धार्मिक पर्यटन विकासमा सहयोग पुऱ्याउन र प्रचलित कानुनविरुद्धका कुरीति र कुसंस्कार विरुद्धमा समाजलाई परिचालन गर्ने नीति र विकास योजना तथा कार्यक्रम एबं कार्यसञ्चालन मापदण्ड बनाई नगर कार्यपालिकाको निर्देशनबमोजिम लागू गर्ने तथा कार्यान्वयन गर्ने ।

(च) स्थानीय तहमा भापा ,लिपी ,संस्कृति साँस्कृतिक सभ्यता र सम्पदा संवर्धन ,ललितकला ,धार्मिक ऐतिहासिक साँस्कृतिक महत्वका मठ मन्दिर पाटी पौवा धारा ,बन जंगल ,पानी पधेरो समेतको संरक्षण र विकासको क्षेत्रमा अनुशासित नागरिक तयार गरी धार्मिक सहिष्णुता कायम गर्दै सामाजिक सदभाव बढाउने खालका कार्यक्रम तय गरी स्थानीय नागरिक परिचालन गर्ने सम्बन्धमा आबश्यक नीति निर्धारण गर्ने र लागु गर्ने ।

(छ) स्थानीय नागरिकलाई भाषा ,संस्कृति र ललितकलाको संरक्षण ,संवर्धन र विकास केन्द्रित भई अघि बढन उत्प्रेरित गर्ने ,रेखदेखको ब्यबस्था मिलाउने ।

(ज) समितिको बार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

(झ) भाषा ,संस्कृति र ललितकलाको संरक्षण ,संम्बर्धन र विकास गर्न नगर स्तरीय बृद्धि गर्न समय समयमा वडा ,क्षेत्र ,नगर स्तरीय परम्परागत जात्राहरूको आयोजना गर्ने ।

(ञ) नगरपालकालाई भाषा ,संस्कृति र ललितकलाको संरक्षण ,संम्बर्द्धन र विकास गर्न सम्बन्धित विषयमा परामर्श दिने ।

(ट) स्थानीय तहमा भाषा ,लिपी ,संस्कृति साँस्कृतिक सभ्यता र सम्पदा संवर्धन ,ललितकलासम्बन्धी संस्थालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्ता सहयोगका लागि नगरपालिकासमक्ष सिफारिस गर्ने ।

(ठ) धार्मिक पर्यटनको बृद्धि विकास गर्नलाई स्थानीय तहमा भाषा ,लिपी ,संस्कृति साँस्कृतिक सभ्यता र सम्पदा संवर्धन गर्ने ,भेला तथा महोत्सवको आयोजना गर्ने ,ललितकला सम्बन्धमा प्रचार गर्ने गराउने ,पुस्तक ,पर्चा ,स्लाईड ,चलचित्र वा भिडियो आदिको लेखक वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहन गर्ने ।

(ड) भाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकासको लागि वडा तथा टोलस्तरमा समिति गठन गर्ने ।

(ढ) भाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी संस्थालाई समय समयमा आबश्यक निर्देशन दिने ।

(ण) भाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकासको लागि कानूनले तोके बमोजिम अन्य आबश्यक ब्यवस्थाहरू गर्ने गराउने ।

७. नाम दर्ताका लागि दरखास्त दिनु पर्ने : (१) भाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकास समितिमा नाम दर्ता गराउन चाहने यससम्बन्धी संस्थाले देहायका कुराहरू खुलाई समतिमा नाम दर्ताको लागि दरखास्त दिनु पर्नेछ :-

(क) संस्थाको नाम र ठेगाना ,

(ख) सञ्चालन गरिने कार्यक्रमको किसिम ,

(ग) समितिका सदस्यहरूको नाम ,ठेगाना र पेशा सम्पर्क नं. इमेल ,

(घ) समितिका सदस्यहरूको नागरिकताको प्रतिलिपी ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिँदा यससम्बन्धी संस्थाले आफ्नो विधानको एक प्रति प्रतिलिपीसमेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ ।

८. भाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्ने :

(१) दफा ७ बमोजिम नाम दर्ता गराउनका लागि कुनै संस्थाको दरखास्त परेमा त्यस्ता प्राप्त भएका मितिले १५ दिन भित्र समितिले आबश्यक जाँच बुझ गरी त्यस्ता संस्थालाई आफ्नो लगतमा नाम दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गरेकोमा दर्ता गरिएका सूचना वा दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्ता सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

९. समितिको कोष : (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहने छन् :-

(क) नगरपालिकाबाट प्राप्त रकम ।

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त रकम ।

(ग) सङ्घीय सरकारबाट प्राप्त रकम ।

(घ) विभिन्न अन्तर्राष्ट्रिय सङ्घ संस्था विदेशी सरकार दातृ निकायबाट प्राप्त रकम ।

(ङ) भाषा ,संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी जात्रा , महोत्सवलगायत विविध कार्यक्रम सञ्चालन गरी आर्जन भएको रकम ।

(च) कुनै व्यक्ति वा संस्थाले सहायता स्वरुप प्रदान गरेको रकम ,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२)उपदफा (१) को खण्ड (घ) तर बिदेशी दातृ निकायबाट प्राप्त रकम प्राप्त गर्नु अघि समितिले नगरपालिकाको पूर्ब स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(४)समितिको कोषमा रहने रकम नेपाल राष्ट्र बैक वा अन्य कुनै बैकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको खाता सञ्चालन तोकिएबमोजिम हुनेछ ।

१०. लेखा र लेखा परीक्षण : -(१) समितिको आय व्ययको लेखा तोकिएबमोजिम राखिनेछ ।

(२) समितिको लेखा परीक्षण मान्यता प्राप्त लेखा परीक्षकबाट हुनेछ ।

(३) नगरपालिकाले चाहेमा समितिको आय व्ययको लेखा ,तत्सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुन सुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

११. सदस्यहरूको भत्ता : (१) सदस्यहरूले समितिको बैठकमा भाग लिए वापत तोकिएबमोजिम बैठक भत्ता पाउने छन् ।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा तोकिएबमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउने छन् ।

१२. समितिको बैठक र निर्णय :

(१) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ । तर दुई बैठक बीचको अन्तर सामान्यतया तीन महिना भन्दा बढी हुने छैन ।

(२) समितिका बैठक अध्यक्षको निर्देशनमा उपाध्यक्षले तोकेका मिति ,समय र स्थानमा बस्नेछ ।

(३)समितिका बैठक हुनु भन्दा कम्तीमा ३ दिन अगावै बैठकमा छलफल हुने विषयका कार्यसूचीसहितको सूचना समितिका सदस्यहरूलाई दिनेछ ।

(४) समितिमा तत्काल कायम रहेका कुल सदस्य सङ्ख्याका ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गुणपूरक सङ्ख्या पुगेको मानिनेछ । निजहरूको अनिवार्य उपस्थिति देखिनु पर्नेछ ।

(५)समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिले आबश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा नगरपालिकाको पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठकसम्बन्धी अन्य कार्यबिधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद -४

## विविध

१३. समितिको कर्तब्य :- देहायबमोजिम गर्नु समितिको कर्तब्य हुनेछ ।

(क) स्थानीय तहमा भाषा ,लिपी ,संस्कृति साँस्कृतिक सभ्यता र सम्पदा संवर्धन र ललितकला को संरक्षण र विकास गर्ने ।

(ख) स्थानीय स्तरका पुरातात्विक धार्मिक महत्वका सम्पदाहरूको संरक्षण र विकास तथा पुरातात्व ,प्राचिन स्मारक र संग्रहालयकको स्थापना ,मर्मत र सम्भार संवर्धन र विकास योजना तथा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्ने ।

(ग) परम्परागत जात्रा पर्वहरूको सञ्चालन र व्यबस्थापन गरी धार्मिक पर्यटन विकासमा सहयोग पुऱ्याउन र प्रचलित कानुनविरुद्धका कुरीति र कुसंस्कार विरुद्धमा समाजलाई परिचालन गर्ने ।

(घ) स्थानीय तहमा भाषा ,लिपी संस्कृति सांस्कृतिक सभ्यता र सम्पदा संवर्धन ,ललितकला ,धार्मिक ऐतिहासिक साँस्कृतिक महत्वका मठ मन्दिर पाटी पौवा धारा ,वन जङ्गल ,पानी पधेरोसमेतको संरक्षण र विकासको क्षेत्रमा स्थानीय नागरिक परिचालन गर्ने ।

(ङ्) स्थानीय नागरिकलाई भाषा ,संस्कृति र ललितकलाको संरक्षण ,संवर्धनको लागि उत्प्रेरित गर्ने ,रेखदेख गर्ने ।

(ङ) अन्ध विश्वास ,महिला हिँसा ,जातीय बिभेद ,छुवाछुतविरुद्धको अभियानमा सहभागी हुने ।

(च) सामाजिक ,साँस्कृतिक , आर्थिक रुपान्तरणका कार्यमा योगदान दिने ।

१४. कार्यक्रम सञ्चालन गर्ने : अन्य ऐन कानुन तथा कार्यविधिबमोजिम समितिले विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१५. भाग लिन नहुने : यस समितिका कुनै सदस्य वा पदाधिकारीले समितिको ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएका कुनै काम कुरामा भाग लिन हुँदैन ।

१६. वार्षिक प्रतिबेदन : (१) समितिले आफुले वर्ष भरि गरेका कामको वार्षिक प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र समिति नगरपालिकासमक्ष पेश गर्नुपर्नेछ ।

(२) वडा समितिले आफुले वर्ष भरि गरेका कामको वार्षिक प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र समितिसमक्ष पेश गर्नुपर्नेछ ।

(३) समितिले आफुले वर्ष भरि गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित मन्त्राल समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको प्रतिबेदनमा अन्य कुराको अतिरिक्त समिति र वडा समितिले वर्ष भरिमा सम्पादन गरेका कामहरू र तिनको उपलब्धी ,त्यस्ता कामका लागि गरेका खर्च ,समितिको कोषको तथा स्रोत साधनको अबस्था ,समितिबाट भएका अन्य काम कारवाही तथा यस क्षेत्रमा देखिएका समस्या र सो को समाधानका उपायसमेतको विवरण उल्लेख गर्नुपर्नेछ ।

(५) समितिले आफूलाई प्राप्त स्रोत साधन ,सम्पादन गरेका कार्य र तिनका उपलब्धी एबं गरेका अन्य काम कारवाहीका विवरण सर्वसाधारणका जानकारीका लागि प्रत्येक वर्ष प्रकाशन गर्नुपर्नेछ ।

१७. निर्देशन दिन सक्ने :

(१) नगरपालिकाले समितिको काम कारवाही तथा सुधारका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तब्य हुनेछ ।

१८. अधिकार प्रत्यायोजन : (१) समितिले यो ऐन वा यस ऐनअन्तर्गत वनेका नियमबमोजिम आफुलाई प्राप्त अधिकारहरूमध्ये

आवश्यकताअनुसार केही अधिकार समिति ,अध्यक्ष वा सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यो ऐन वा यस ऐनअन्तर्गत वनेका नियमबमोजिम आफुलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकताअनुसार केही अधिकार समितिका अध्यक्ष ,कुनै सदस्य ,सदस्य -सचिव वा समितिको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१९. शपथ : समिति र वडा समितिका पदेन सदस्यवाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि तोकिएबमोजिम शपथ लिनु पर्नेछ ।

२०. समितिको विघटन : (१) समितिले यस कार्यबिधिको उद्देश्यबमोजिम काम गर्न नसकेमा स्थानीय निकायले जुन सुकै बखत समिति विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा समितिको चल अचल सम्पति नेपाल सरकारको हुनेछ ।

२१. विनियम बनाउने अधिकार : (१) यो कार्य विधि वा यसअन्तर्गत बनेको नियमको अधीनमा रही समितिले आवश्यक विनियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम आर्थिक व्यय भार पर्ने विषयमा विनियम बनाउँदा समितिले नगरपालिकाको स्वीकृति लिनुपर्नेछ ।

२२. कार्यबिधिको संशोधन व्याख्या तथा वचाउ :

(क) यो कार्यविधिको संशोधन नगर सभाको वहुमतबाट गरिनेछ ।

(ख) यो कार्यविधिको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ ।

(ग) यसमा उल्लिखित कुराबाहेक अन्य काम कुरा गर्नु पर्ने भएमा स्थानीय निकायको कानूनवमोजिम हुनेछ ।

(घ) यो कार्यविधिमा उल्लिखित विषय संविधान वा अन्य कानूनसँग वाझिएको अवस्थामा वाझिएको हद सम्म अमान्य हुनेछ ।

प्रमाणिकरण मिति : २०७५।०३।२५

आज्ञाले

प्रदिप पौडेल

प्रमुख प्रशासकीय अधिकृत

बुढानीलकण्ठ नगरपालिका काठमाण्डौ ।

प्रकाशक : बूढानीलकण्ठ नगरपालिका

हात्तीगौंडा ,काठमाण्डौ

बागमती प्रदेश

फोन नं. : ०१-४३७२७२५

ई -मेल : budhanilkanthamun@gmail.com

वेवसाईट : www.budhanilkanthamun.gov

मूल्य :